म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १४४ शनिबार, २० पुस २०८१ ने. सं. ११४५ पोहेलाथ्व 4 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मारवाडी युवा मञ्चको आयोजनामा रक्तदान

हेटौंडा, १९ पुस/नेपाल राष्ट्रिय मारवाडी युवा संगठन अन्तर्गतको मारवाडी युवा मञ्चको आयोजनामा शुक्रबार हेटौंडामा रक्तदान कार्यक्रमको आयोजना गरिएको छ ।

हेटौंडाको बुद्धचोकमा आयोजना गरिएको कार्यक्रममा २० जनाले रक्तदान गरेका छन् । जसमा ४ जना महिला र १६ जना पुरुष रहेका छन् । कार्यक्रम रक्तसञ्चार केन्द्र हेटौंडाको सहकार्यमा भएको हो । कार्यक्रममा सन्त निरंकारी आश्रमका जिल्ला सञ्चालक मदन पोखरेल, मारवाडी महिला मञ्चकि निर्वतमान अध्यक्ष स्नेहा चनानी, मारवाडी समाजमा ज्येष्ठ नागरिक रमेश सिंगललगायतको आतिथ्यता रहेको थियो ।

## गलैंचा कारखानामा चरम बालश्रमशोषण, ८ जनाको उद्दार

साझाकुरा संवाददाता



हेटौंडा, १९ पुस/ मकवानपुरको राक्सिराङ गाउँपालिकामा बसोबास गर्ने चेपाङ र तामाङ समुदायका बालबालिका बेचिने क्रम अझसम्म पनि रोकिएको छैन । पछिल्लो समयमा राक्सिराङका बालबालिका बाराको गलैंचा कार खानामा जोखिमपूर्ण श्रममा बेचिएको घटना सार्वजनिक भएको छ ।

जीतपुरसिमरा उपमहानगरापालिका-१५ डुमरवानास्थित सुष्मा गलैंचा उद्योगमा १४ वर्षदेखि १७ वर्षसम्मका ३ बालिका र ५ बालक गरी ८ बालबालिकालाई उद्दार गरिएको छ । श्रम तथा रोजगार कार्यालय वीरगंज, जीतपुर सिमरा उपमहानगरापालिका, सिविन नेपाल, बालहेल्पलाइन १०९८ मकवानपुर सहितको टोलीले बालश्रमिकमको उद्दार गरी बालहेल्पलाइन हेटौडाको आवासमा ल्याएको हो ।

राक्सिराङ गाउँपालिका-१ को १४ वर्षको १ जना, राक्सिराङकै १६ र १७ वर्षका २ बालक, बारा जिल्ला निजगढ नगर पालिकाको १३, १५ र १७ वर्षका ३ जना बालिका र निजगढकै १५ र १७ वर्षका २ जना बालक उद्दार गरिएका हुन् । मकवानपुरको राक्सिराङ गाउँपालिका-१ का सोमबहादुर बुलनले आफ्नो १४ वर्षीया छोरालाइ गलैंचा कारखानाबाट उद्दार गरिदिन बालहेल्पलाइन १०९८ मा निवेदन दिएपश्चात बालकलाइ उद्दार गर्न जाँदा थप बालबालिका पनि उद्दार गरिएको हो ।

अनुगमनका क्रममा बालबालिकालाई ठेकेदारमार्फत् काममा लगाइएको, नेपाल सरकारले तोकेबमोजिमको तलव नदिइएको, दिनमा १६ घण्टासम्म काम लगाइएको, कार्यस्थलबाट बाहिर आवतजावत गर्न प्रतिवन्ध लगाइएको, बालबालिकाको खानपान, बसाइ अति निकृष्ट प्रकारको रहेको, चरम श्रमशोषण भएको, भने अनुसार काम नगर्ने बालबालिकालाइ यातना समेत दिन गरेको, जाडोको समयमा पनि न्यायो कपडाको ब्यवस्था नभएको अनुगमनका क्रममा पाइएको बालहेल्पलाइन १०९८ मकवानपुरका प्रवन्धक झबिन्द्र ज्ञवालीले बताए ।

अनुगमन टोलीमा श्रम तथा रोजगार कार्यालय वीरगंजका कार्यालय प्रमुख बलराम कुशवाह, जीतपुर सिमरा उपमहानगरपालिका महिला तथा बालबालिका शाखाप्रमुख रमेश सुवेदी, रोजगार संयोजक मो.नसिमुल गनी र नगरप्रहरी सहायक निरीक्षक रविनकुमार खड्का सहितको टोली उद्दारको लागि गएको हो । गलैंचा कारखानामा अबैधरुपमा बालश्रममा बालबालिकालाई राखिएको उजुरीपछि सिविन नेपाल, बालहेल्पलाइन १०९८ मकवानपुरका प्रवन्धक ज्ञवाली र कार्यक्रम अधिकृत सम्झना अधिकारी सहितको टोलीले उद्दार गरेको हो ।

अनुगमनपश्चात ८ जना बालबालिकालाइ उद्दार गरी जीतपुर सिमरा उपमहानगरपालिकामा ल्याइएको र नगरका प्रमुख प्रशासकीय अधिकृत उर्मिला काफ्ले, विभिन्न शाखा प्रमूखहरु, नगरप्रमुख सचिवालयका उदय श्रेष्ठ, श्रम कार्यालयका प्रमुख, बाल हेल्पलाइनका प्रतिनिधि सहित बैठक गरिएको थियो । बालबालिकासँग प्रारम्भिक चरणको कुराकानी गरि एपश्चात यो घटनाको कानुनी प्रक्रियाको लागि श्रम तथा रोजगार कार्यालय वीरगंजसँग समन्वय गर्ने र परामर्श तथा संरक्षणको लागि बालहेल्पलाइन मकवानपुरमा पठाइएको जीतपुर सिमरा उपमहानगरपालिका महिला तथा बालबालिका शाखा प्रमुख सुवेदीले बताए ।

बालबालिकालाई बाल हेल्पलाइन १०९८ हेटौंडाको संरक्षणमा ल्याइएपश्चात परामर्शको काम भइरहेको, अभिभाकलाइ सम्पर्कमा ल्याउन प्रयत्न भइरहेको बालहेल्पलाईन प्रबन्धक ज्ञवालीले जानकारी दिएका छन् । छिटो भन्दा छिटो यो घटनालाइ कानुनी प्रक्रियामा लैजान श्रम तथा रोजगार कार्यालयमा बालबालिका सहित अभिभावकलाइ उपस्थितिको लागि पहल गरिने बालहेल्पलाइनले जनाएको छ । निकृष्ट बालश्रमका घट्ना अझैसम्म कायमै रहेको भन्दै सिबिनले यस विषयमा स्थानीय सरकारका जनप्रतिनिधि सम्बेदनशील बन्नुपर्ने जनाएको छ ।

## विपद् प्रभावित सडक पून:निर्माण गर्न १५ करोड दिने निर्णय

साझाकुरा संवाददाता



हेटौंडा, १९ पुस/ बागमती प्रदेश सरकारले विपद् प्रभावित सडक तथा पूर्वाधार पुन:निर्माणका लागि १५ करोड २५ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ ।

प्रदेश सरकारको शुक्रबार बसेको बैठकले विपद् प्रभावित प्रादेशिक सडक तथा पूर्वाधार निर्माणका लागि १५ करोड २५ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको हो । विपद् प्रभावित हेटौंडा-काठमाडौं सडकका लागि ११ करोड २५ लाख रुपैयाँ र प्रदेशका अन्य सडक तथा पूर्वाधार मर्मतका लागि ४ करोड रुपैयाँ बजेट व्यवस्था गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिलामन्त्री सुरजचन्द्र लामिछानेले बताए ।

मन्त्री लामिछानेका अनुसार बैठकले कुलेखानी-सिस्नेरी सडक मर्मतका लागि ५० लाख रुपैयाँ, कुलेखानी- महालक्ष्मी खोला-फाखेल खण्ड मर्मतका लागि २५ लाख रुपैयाँ बजेट व्यवस्था गर्ने भएको छ भने सिमखोलमा बेलिब्रिज राख्न २ करोड रुपैयाँ, सिस्नेरी खण्डको सडक पुन:निर्माणका लागि ६ करोड रुपैयाँ र सिस्नेरी-छैमले खण्डको सडक पुन:निर्माणका लागि २ करोड ५० लाख रुपैयाँ व्यवस्था गर्ने निर्णय गरेको प्रवक्ता लामिछानेले बताए ।

बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयको अर्थ विविध र विषयगत मन्त्रालयको बजेटबाट व्यवस्था गर्ने निर्णय गरेको उनले बताए । बिहीबार सम्पन्न प्रदेश विपद् परिषदको बैठकमा भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रस्ताव गरे अनुसारको बजेट व्यवस्था गर्ने निर्णय गरेको थियो ।

बैठकले संघीय सरकार बाट सरुवा भएर आएका सचिव वीरेन्द्रदेव भारतीलाई प्रदेशको श्रम रोजगार तथा यातायात मन्त्रालयमा पदस्थापन गर्ने निर्णय गरेको छ भने प्रदेश सरकारले ११ औं तहमा बढुवा गरेका निरन्जन श्रेष्ठलाई वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र ललितपुरमा पदस्थापन गर्ने निर्णय गरेको छ ।

बैठकले स्वास्थ्य संस्था आशयपत्र सेवा सञ्चालन अनुमति नवीकरण तथा स्तरोन्नति मापदण्ड स्वीकृत गर्ने निर्णय गरेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## प्याब्सन मकवानपुरको अध्यक्षमा पुन: सुवेदी



साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) मकवानपुरको अध्यक्षमा पुन: बिनोद सुवेदी चयन भएका छन् । शुक्रबार हेटौंडामा भएको प्याव्सन मकवानपुरको २० औं वार्षिक साधारणसभा तथा नवौं अधिवेशनबाट सुवेदीको अध्यक्षतामा नयाँ समिति चयन भएको हो ।

प्याब्सन मकवानपुरको वरिष्ठ उपाध्यक्षमा राजकुमार नहर्की, उपाध्यक्षमा नवीन केसी र लक्ष्मी श्रेष्ठ, सचिवमा विष्णुहरि सुवेदी, कोषाध्यक्ष उपेन्द्र सुवेदी, सहसचिवमा रामबाबु सापकोटा, सहकोषाध्यक्षमा भरत सापकोटा चयन भएका छन् । यसैगरी सदस्यमा रमिता पाण्डे, गीता आचार्य र रिना आचार्य चयन भएका छन् । प्याव्सन मकवानपुरका अध्यक्ष सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा प्याव्सन केन्द्रीय अध्यक्ष डीके ढुंगानाको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा पत्रकार जमुना थिङ, सुवास बिडारी र बालकृष्ण अधिकारीलाई जनही ५ हजार रुपैयाँसहित सम्मान गरिएको थियो । संस्थाको संस्थापक अध्यक्ष ऋषिराम आचार्य, पूर्वअध्यक्षहरु आशिष श्रेष्ठ, मदन दाहाल र अनिल पाण्डे र शिक्षकहरु अरविन्दकुमार झा, उमा मगर, सञ्जिव ठाकुरलाई पनि सम्मान गरिएको थियो ।

## उद्योग उपाध्यक्षमा घिमिरेको उम्मेदवारी घोषणा

साझाकुरा संवाददाता



हेटौंडा, १९ पुस/ मकवानपुर उद्योग वाणिज्य संघको आसन्न निर्वाचनमा उद्योगतर्फको उपाध्यक्षमा रविन्द्र घिमिरेले उम्मेदवारी घोषणा गरेका छन् ।

शुक्रबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै घिमिरेले संघमा अध्यक्षका उम्मेद्वार अनिल अग्रवालको प्यानलबाट उद्योगतर्फको उपाध्यक्षमा उम्मेद्वारी रहने बताएका हुन् । घिमिरे हाल हेटौंडा उपमहानगरको नगर खेलकुद विकास समिति अध्यक्षसमेत छन् । उनी २०५२ सालदेखि सरल निर्माण सेवाबाट व्यावसायिक क्षेत्रमा सक्रिय छन् । उनले हेटौंडाको बुद्धचोकमा तयारी पोशाकको फेन्सी पसल साई क्लेक्शन सञ्चालन गरिरहेका छन् ।

घिमिरेले उम्मेदवारी छोड्छ भन्ने हल्ला फिजाइएकोले भ्रम चिर्न पत्रकार सम्मेलन गरेर जानकारी गराइएको बताए । विगतमा पनि थोरै मतान्तरले उपाध्यक्षमा पराजित भएकोले यसवर्ष व्यवसायीको हकहितमा लाग्नका लागि पुन: उम्मेदवारी दिएको उनको भनाई छ ।

विगतमा पराजित भएपनि आफू व्यवसायीकै माझमा रही उनीहरुको हकहितका पक्षमा लागिपरेको र जितपछि पनि व्यवसायीकै समस्या समाधान र उनीहरुको अधिकार स्थापित गराउन सक्रिय भएर लाग्ने घिमिरेले बताए । उद्योग तर्फबाट दीपक शिवाकोटी, राजकुमार बानियाँ, कृष्णगोपाल महर्जन, महिला सदस्यमा मेनका श्रेष्ठ उम्मेद्वार रहेका छन् । प्यानल सहितको संयुक्त उम्मेद्वारी घोषणा भने यही पुस २२ गते हुने बताइएको छ ।

प्रमोद सिंह रानाभाटको अनुभवी, व्यवसायीक साथै समावेशी प्यानललाई तपाईको अमूल्य मत प्रदान गरी अत्याधिक बहुमतले विजयी गराऔं ।
मकवानपुर उद्योग वाणिज्य संघको आशन्न निर्वाचन

"व्यवसायीको संस्था, व्यवसायीकै नीति, यवसायीकै नेतृत्व"

VOTE

प्रमोद सिंह रानाभाट
अध्यक्ष पदका उम्मेदवार


दिपक उप्रेती — उद्योग तर्फको उपाध्यक्ष पदका उम्मेदवार
प्रतिमा श्रेष्ठ — महा-सचिव पदका उम्मेदवार
श्रीकृष्ण कर्माचार्य (भाई) — कोषाध्यक्ष पदका उम्मेदवार
निलम वैद्य — सह-कोषाध्यक्ष पदका उम्मेदवार
रुपकराज दहाल — उद्योग तर्फको सचिव पदका उम्मेदवार
जगदिस दबहाल — उद्योग तर्फको खुल्ला सदस्य पदका उम्मेदवार
कृष्णराज कोइराला — उद्योग तर्फको खुल्ला सदस्य पदका उम्मेदवार
भुपेन्द्र अधिकारी — उद्योग तर्फको खुल्ला सदस्य पदका उम्मेदवार
राम प्रसाद न्यौपाने — वाणिज्य तर्फको उपाध्यक्ष पदका उम्मेदवार
उज्वल चौलागाई — एसोसिएट तर्फको उपाध्यक्ष पदका उम्मेदवार
प्रदिप अर्याल — वस्तुगत तर्फको उपाध्यक्ष पदका उम्मेदवार
कल प्रसाद चौलागाई — वाणिज्य तर्फको सचिव पदका उम्मेदवार
राजेन्द्र लामिछाने (राजेश) — वाणिज्य तर्फको सदस्य पदका उम्मेदवार
सन्तोष घिमिरे — वाणिज्य तर्फको सदस्य पदका उम्मेदवार
राज देव बानिया — वाणिज्य तर्फको सदस्य पदका उम्मेदवार
होमनाथ खनाल (रोशन) — वाणिज्य तर्फको सदस्य पदका उम्मेदवार
निलम बजगाई देवकोटा — आरक्षण महिला सदस्य पदका उम्मेदवार
सिता देवी भेटवाल — उद्योग तर्फको सदस्य (महिला आरक्षण) पदका उम्मेदवार

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# सूर्यको सबैभन्दा नजिक पुगेर पनि कसरी जोगियो नासाको अन्तरिक्षयान ?

अमेरिकी अन्तरिक्ष एजेन्सी नासाको एउटा अन्तरिक्षयान सूर्यको सबैभन्दा नजिक पुगेर मात्र होइन असाधारण तापक्रम रहेको त्यस क्षेत्रमा समेत सामान्य रुपमा काम गरेर इतिहास रचेको छ । यसअघि कुनै पनि अन्तरिक्षयानहरु सूर्यको त्यतिधेरै नजिक पुग्न सकेका थिएनन् । शुक्रबार नासाका वैज्ञानिकहरुले एउटा संकेत प्राप्त गरे कि निकै उच्च तापक्रमयुक्त वातावरणमा कैयन् दिनसम्म उडान भरेपश्चात् उक्त यानको सञ्चार सम्पर्क विच्छेद भएको थियो ।



नासाका अनुसार पार्कर सोलार प्रोब नामक उक्त यान अहिले पनि सुरक्षित छ र यो सूर्यको सतहभन्दा ६१ लाख किलोमिटरको दूरीमा पुग्नुका बाबजुत पनि यसले सामान्य तबरले काम गरिरहेको छ । स्मरण रहोस् नासाले सन् २०१८ मा पार्कर सोलार प्रोबलाई सौर्यमण्डलको केन्द्रमा पठाइएको थियो । बैज्ञानिकहरुका अनुसार क्रिसमसको अघिल्लो दिन यो यान सूर्यको बाह्य वातावरणमा प्रवेश गरेको थियो । तथापि अति उच्च तापक्रम र विकिरणसँग जुध्नुका बाबजुत यसले आफ्नो अस्तित्व बचाएर राख्यो । अन्तरिक्ष यानको यस्तो उडानबाट सूर्यको काम गर्ने तरिकाका विषयमा थप तथ्यहरुको खुलासा हुने बताइएको छ ।

पार्कर सोलार प्रोब सूर्यको निकट पुगेसँगै नासाका वैज्ञानिकहरुको मुटुको ढुकढुकी बढेको थियो । उनीहरुले लगातार त्यसबाट संकेतहरु पर्खिरहेका थिए । ती संकेतहरु २८ डिसेम्बरको बिहान ५ बजेसम्म प्राप्त हुने अपेक्षा गरिएको थियो ।

***त्यतिधेरै तापक्रम अन्तरिक्ष यानले कसरी सहन सक्यो ?***

पार्कर सोलर प्रोब सूरज के बाहरी वातावरण में पहुंचानासाको वेबसाइटका अनुसार पार्कर सोलार प्रोब ६.९२ लाख किलोमिटर प्रतिघण्टाको गतिमा आफ्नो यात्रा गर्दा ९८० डिग्री सेल्सियसको तापक्रम पनि सहन गर्न सक्यो । नासाले भनेको छ - पार्कर सोलार प्रोबको तर्फबाट सूर्यको यति नजिक अध्ययनबाट यसको तापमान लिन सकिन्छ । यसबाट त्यस क्षेत्रमा कसरी कुनै पदार्थहरु लाखौं डिग्री सेल्सियससम्म तातो हुन सक्छन् भन्ने कुराको बारेमा बुझ्न पनि मद्दत मिल्नेछ । यसबाट सौर्यबतासको उत्पत्ति तथा ऊर्जायुक्त कणको गति पक्रिएर प्रकाशको गतिसम्म पुग्नुको कारणका बारेमा पनि पत्ता लाग्न सक्छ ।

नासाको विज्ञान विभागका प्रमुख डाक्टर निकोला फक्सले यसअघि बीबीसीसँग भनेकी थिइन्- सदियौंदेखि मानिसहरुले सूर्यको अध्ययन गरिरहेका छन् । तर, जबसम्म उनीहरू त्यहाँ पुग्दैनन् तबसम्म त्यहाँको वातावरणको अनुभव गर्न पाउने छैनन् । त्यसैले जबसम्म तपाईंले सूर्यको नजिकैबाट उडान भर्नुहुन्न तबसम्म त्यहाँको माहोल कस्तो छ भन्ने कुरा बताउन सकिने छैन । पार्कर सोलार प्रोब सन् २०१८ मा प्रक्षेपण गरिएको थियो । त्यसयता यसले सौर्यमण्डलको केन्द्रतर्फ आफ्नो यात्रा जारी राखेको थियो । यसले सूर्यलाई २१ पटक सूर्यको नजिक गएको छ र हरेक पटक यो पहिलेको तुलनामा सूर्यको नजिक पुगिरहेको थियो । तर, क्रिसमसको पूर्वसन्ध्यामा यो सूर्यको सबैभन्दा नजिक पुग्यो र अहिलेसम्मकै रेकर्ड ब्रेक गऱ्यो ।

तर, अहिलेसम्मकै सबैभन्दा नजिक पुग्नुका बाबजुत पनि यो अझै सूर्यभन्दा ६१ लाख किलोमिटर टाढा थियो । तथापि यो दूरीले सूर्य र उक्त यानबीचको दूरीलाई नयाँ सिराबाट परिभाषित गर्दछ । डाक्टर फक्सका अनुसार पृथ्वी र सूर्यबीचको दूरी ९ करोड ३० लाख माइल छ । यदि हामी सूर्य र पृथ्वीलाई एक मिटरको दूरीमा राख्यौं भने सोलार प्रोब सूर्यबाट केवल ४ सेन्टिमिटरको दूरीमा रहेको छ । वास्तवमा सोलार प्रोब सूर्यको निकै नजिक पुगेको हो । यो अन्तरिक्षयान १४ सय डिग्री सेल्सियस तापक्रम पनि सहन सफल भयो । यति उच्च तापक्रमले यानमा रहेका उपकरणहरुलाई खरानी बनाउन सक्थ्यो । तर, यानमा चारैतिर लगाइएको ११.५ सेमीको मोटो कार्बन कम्पोजि शील्डले यसलाई बचाएर राखेको छ । यद्यपि यो यानको रणनीति भनेको सूर्यको वातावरणमा तीव्र गतिमा घुस्नु र त्यसपछि उत्तिकै गतिमा बाहिर निस्कनु हो ।

वास्तवमा यो कुनै पनि मानव निर्मित वस्तुको तुलनामा उच्च गतिमा चलेको छ । यसको गति ४ लाख ३० हजार माइल प्रतिघण्टा थियो । अर्थात् ३० सेकेण्डभन्दा पनि कम समयमा यसले लण्डनदेखि न्युयोर्कसम्मको दूरी पार गऱ्यो । पार्करलाई यो गति सूर्यतिर जाँदै गर्दा प्राप्त भएको अत्यधिक सशक्त गुरुत्वाकर्षण बलका कारण हासिल भएको थियो ।

**सूर्यलाई छुने कोसिस किन भइरहेको छ ?**

वैज्ञानिकहरुको अपेक्षा के छ भने जब पार्कर सोलार प्रोब सूर्यको बाहिरी वातावरण अर्थात् कोरोनामा प्रवेश गरेको बेला त्यसले यस्ता धेरै तथ्यहरु संकलन गरेको हुनसक्छ जसले लामो समयदेखि विद्यमान रहस्यलाई सुल्झाउन सक्दछ । वेल्सस्थित फिफ्थ स्टार ल्याबका खगोलशास्त्री डाक्टर जेनिफर मिलार्डका अनुसार कोरोना वास्तवमा निकै तातो छ र त्यहाँ किन त्यतिधेरै तापक्रम छ भन्ने कुराको जानकारी हामी कसैलाई पनि छैन ।

उनका अनुसार सूर्यको सतहको तापक्रम करिब ६ हजार डिग्री सेल्सियस हुन्छ । तर, यसको बाहिरी हिस्सा अर्थात् कोरोना (जसलाई हामीले सूर्यग्रहणका बेला पनि देख्न सक्छौं) मा तापक्रम लाखौं डिग्रीस्म्म पुग्दछ र यो सूर्यभन्दा धेरै टाढा पनि छ । आखिर त्यहाँको वातावरण त्यतिधेरै तातो किन भइरहेको छ ? भन्ने कुरा रहस्यको गर्भमै छ । नासाको यो मिसनले सौर्य आँधी अर्थात् सूर्यको कोरोनाबाट लगातार निस्किरहेका चार्जयुक्त कणको बहावका विषयमा पनि अध्ययन गर्नेछ ।

जब यी चार्जयुक्त कण पृथ्वीको चुम्बकीय क्षेत्रको सम्पर्कमा आउँछन् तब आकाशमा निकै धेरै चमक पैदा हुन्छ । तर, अन्तरिक्षको यो घटनाले मौसमसँग सम्बन्धित विभिन्न समस्याहरु पनि पैदा गर्न सक्दछ । यसले ऊर्जा ग्रिड, विद्युतीय तथा सञ्चार प्रणाली ध्वस्त पार्न सक्दछ । डाक्टर मिलार्ड भन्छिन्- पृथ्वीमा हाम्रो दैनिक जीवनका लागि सूर्य, यसका गतिविधिहरु, अन्तरिक्षको मौसम तथा सौर्य बतासको बारेमा थाहा पाउनु निकै अहम हुन् । पार्कर सोलार प्रोब सम्पर्कविहीन हुँदा नासाका वैज्ञानिकहरु चिन्तित बनेका थिए ।

डाक्टर फक्सको विश्वास थियो कि जब यसबाट संकेत प्राप्त हुनेछ तब उनको टिमले त्यसलाई हरियो रंगको मुटुको चिह्न पठाउनेछ, अर्थात् यो उक्त यानले सही काम गरिरहेको कुराको संकेत हुनेछ । आफू नासाको उक्त दुस्साहसिक प्रयासका बारेमा पहिले निकै चिन्तित रहेको भए पनि उक्त यानमाथि भने भरोसा रहेको उनले बताए । उनी भन्छन् - मलाई प्रोबका बारेमा अबपनि चिन्ता हुनेछ । तर हामीले यसलाई यस्तो प्रकारले डिजाइन गरेका छौं कि यसले निकै कठिन तथा निमर्म अवस्थामा पनि काम गर्न सकोस् । सानो आकारको यो अन्तरिक्षयान भित्रबाट भने निकै शक्तिशाली छ ।

**यौन स्वास्थ्य**

# सुखी दाम्पत्य जीवनका लागि पार्टनरसँग उमेरको अन्तर कति हुनुपर्छ ?

तपाईंले धेरै यस्ता जोडीहरू देख्नु वा सुन्नु भएको होला, जसको बिचमा उमेरको अन्तर धेरै छ । तर, यो आवश्यक छैन कि पुरुष पार्टनरको उमेर मात्रै ठुलो होस्, कहिलेकाहीँ महिला पार्टनरको उमेर पनि ठुलो हुन्छ । तर केटीहरू कस्तो पार्टनर चाहन्छन् भन्ने कुरा पनि जान्न जरुरी छ ।



धेरै केटीहरू विश्वास गर्छन् कि उनीहरूको पार्टनर परिपक्व हुनुपर्छ । त्यसैले तिनीहरू प्राय: एक बुद्धिमान पार्टनर चाहन्छन् जसले उनीहरूको हेरचाह गर्न सकोस् । तसर्थ, मानिसहरू उमेरमा धेरै अन्तर भएका व्यक्तिसँग विवाह गर्छन् । तर के लामो उमेरको अन्तरले दाम्पत्य जीवनमा हानि पुऱ्याउन सक्छ ? अध्ययनमा उल्लेख गरिएका फाइदा र बेफाइदाहरू के के हुन् ?

वास्तवमा केटीका लागि उनका बुबा सबैभन्दा आदर्श व्यक्ति हुन्, त्यसैले उनी आफ्नो पार्टनर आफ्नो बुबा जस्तै बुद्धिमान, परिपक्व र हेरचाह गर्ने चाहन्छिन् । उनीहरू आफ्नो पार्टनरले आफूलाई बुझोस्, जीवनको बारेमा धेरै कुराहरूमा उनीहरूले आफूभन्दा बढी समझ राखोस् भन्ने पनि चाहन्छन् । उनीहरू आर्थिक सुरक्षा चाहन्छन् । लामो उमेरको अन्तर भएका पार्टनरसँग आर्थिक सुरक्षामा कुनै तनाव हुँदैन । कुनै पनि व्यक्तिलाई जीवनमा स्थिर हुनको लागि समय लाग्छ । धेरै उमेर भएका व्यक्तिसँग विवाह गर्नुहुन्छ, उ आर्थिक रूपमा बलियो हुनेछ । त्यसपछि तपाईंबिच पैसाको कारण झगडा हुनेछैन ।

**सजिलै माफ गर्छन्**

जब पार्टनरहरूले एक अर्काको गल्ती माफ गर्छन्, तब सम्बन्ध अगाडि बढ्छ । उमेरको अन्तर बढी भएका दम्पतीमा एकअर्कालाई माफ गर्ने क्षमता बढी हुन्छ । अहङ्कार र मनोवृत्ति जस्ता चीजहरू कम उमेर भएका पार्टनरहरूमा हुन थाल्छ ।

**आमाबाबुको जस्तै व्यवहार**

बच्चाहरू जस्तै व्यवहारले तपाईंलाई हानि पुऱ्याउँछ । उसको व्यवहार आमाबाबु जस्तै हुन थाल्छ, सबै कुरामा प्रतिबन्ध लगाउने । यस्तो अवस्थामा अर्को व्यक्तिले आफूलाई बच्चाजस्तै व्यवहार गरिरहेको महसुस गर्छ र त्यसपछि दुवैबिच झगडा हुन थाल्छ ।

**अलग सोख**

एक निश्चित उमेरपछि मानिसको सोख र सोच दुवै परिवर्तन हुन थाल्छ । उदाहरणको लागि, एक जवान व्यक्तिलाई पार्टी गर्न, साथीहरुसँग रमाइलो गर्न, यात्रा, ठुलो संगीत सुन्न र साहसिक कार्य गर्न मन पर्छ । बुढो मानिसलाई घरबाहिर निस्कन त्यति मन पर्दैन । उसलाई देश र संसार घुम्न मन लाग्छ र पैसाको कुरा गर्न मन लाग्छ । यस्तो अवस्थामा उमेर र सोखका कारण दम्पतीबिच झगडा हुने गरेको छ । एक अध्ययनका अनुसार उमेर बढी भएका दम्पती आफ्नो वैवाहिक जीवनमा खुसी हुँदैनन् । जबकि उनीहरूबिच ३ वर्षसम्मको अन्तर हुने जोडीहरू खुसी रहन्छन् । उमेरको धेरै अन्तर हुने जोडीहरूमा अन्य दम्पतीहरूको तुलनामा सम्बन्ध विच्छेदको दर बढी छ ।

उमेरको अन्तरले सोचाइमा फरक पर्छ । दम्पतीबिच ५ देखि ७ वर्षको अन्तर हुनु सामान्य कुरा हो । योभन्दा धेरै भिन्नता भए दुवैको जीवनशैली, सोचाइ, मानसिक र शारीरिक अवस्थामा भिन्नताका कारण सम्बन्धमा धेरै समस्या आउन सक्छ । जहाँ ० देखि ३ वर्षको भिन्नता भए सम्बन्ध परिपक्व नहुन सक्छ तर दुवैको सोचमा फरक हुँदैन । यसले उनीहरूको सम्बन्धलाई जीवनभर अगाडि बढाउन सक्छ ।

**साहित्य**

# असफल नेताको सफल घोषणा

हास्यव्यंग्य

✍ डा.रामकुमार पाडे

हे लाटालाटी लुलालङ्गडा, पटमूर्ख र पठमूर्खहरू हो हेर्दाहेर्दै देशमा पानी मरूवाको जनसंख्या बढेको, भाउवेशाले जागिरे पेशामा मार परेको, सज्जन, भद्रजन लडेको, ल्वाँठ लठैत माथि चढेको, नेतृत्व गर्नेको दिमाग सढेकोले बाध्य भएर देश हैन देशवासीलाई नेता असफल भएको सफल घोषणा गर्न गइरहेको छु । सफललाई असफल पार्नमा सघाउने हरूवा चरूवा पानी मरूवालाई अघाउने गरी बधाइ ज्ञापन गर्दैछु । असफललाई सफल पार्ने कार्यक्रम अगाडि ल्याएको छु ।

मन्त्रालयको व्यापक हेरफेर गरेर द्वन्द्व, बन्द र गन्ध त्रि-मन्त्रालय खडा गरी यसलाई अझ अघि बढाउने र एकापसमा लडाउने महामन्त्री नियक्त गरिएको छ । द्वन्द मन्त्रालयको कार्यक्षेत्र जोइपोइको झगडादेखि दलले फलमा बल गर्ने भागबण्डामा डण्डा चलाउने अधिकार दिइएको छ । मेरो गोरूको बाऱ्है टक्का एवं झुट बोल्ने छुटका अतिरिक्त लूट खुलेआम गर्ने व्यवस्था मिलाइएको छ ।

बन्द मन्त्रीले बाटोबन्द, नेपाल बन्ददेखि ढोका बन्द र नियोजनका बन्ध्याकरणको जिम्मा दिँदै चित्त नबुझेमा आँखाबन्द गर्ने तर मुख बन्द नगर्ने निर्णय गरिएको छ । बन्ध व्यापार एवं कमिशन नआउने काम बन्द र आफूलाई नोक्सान पर्ने परिबन्दमा बन्दोबस्ता मिलाउनु एकमतले सहमत गर्ने निर्णय भएको छ ।

गन्ध मन्त्रालयले काठमाडौँको बिग्रेको वायु देखि अपचले छोडिने अमानवायु जम्मा गरी कुमन्त्रीहरूको ग्यास आपूर्ति हुनेछ । गन्ध बन्द भएमा नगरका वासिन्दा बाँच्न नसक्ने भएकाले जतिसक्दो फोहर थुपार्ने काम सम्बद्ध मन्त्रालयलाई प्रदान गरिएको छ । बुद्धिजीवीहरूको दिमागमा गोवर भरिँदै गएकामा खुशी प्रकट गर्दै यसलाई मलका रूपमा प्रयोग गरी दुनियाँलाई दङ्गदास पारिनेछ । दिमागमा गोबर भरिँदै गएका सांसद, मन्त्रीदेखि नेताहरूको टाउका माथि थप जीवजन्तुको लिदी हालेर लिदिनै बढाउने प्रविधिबाट देशमा हाइसन्चो हुने हुँदा कुकुर, मुसा, गधा, भालु आदिको संख्या बढाउन बल गरिनेछ ।

अब उप्रान्त प्रशासनलाई बलियो बनाउन एउटा सचिवबाट काम नचल्ने देखिँदा अनुकूल र प्रतिकुल दुई दुईजना सचिव, निर्देशकदेखि हेडमास्टर र ढोल पिट्ने बेन मास्टर खटाइने र काम पटाइने काम हुनेछ । एउटाले भन्या नटेरे अर्कले गर्न बाध्य पारिनेछ । घूसको भत्ता व्यवस्था त्रिपक्षीय वार्ताबाट मिलाइनेछ । डबल नियुक्ति पाउनेले नियुक्ति पत्र पाउनेबित्तिकै कार्यालयको कुर्सीमा दौडेर पहिला पुग्नेलाई कुर्सीमा पदस्थापन गरिनेछ ।

देशमा वन मासिँदै गएकाले हरियो देख्न नपाइने गुनासोलाई सरल उपायबाट जनतालाई राहत दिन हरियो चस्मा वितरण गरिनेछ । यसको प्राथमिकता सम्बद्ध जिम्मेवार संस्थालाई अग्राधिकार प्राप्त हुनेछ ।

देशमा शान्ति भएन र असफल भयौं भन्नेहरूका लागि अति उत्तम उपाय अपनाइनेछ । जो शान्ति माग्न आउँछ उसलाई श्रीमतीको नाम फेरेर शान्ति राखि शान्तिसँग बस्न बाध्य पारिनेछ । अविवाहितलाई शान्तिका लागि एकान्तमा बस्न, उठ्न सुत्न सुरक्षा प्रदान गरी स्वतन्त्र रूपमा लठ्याउने औषधि प्रयोगमा पनि छुट हुनेछ । बाँकीलाई शान्तिवाटिका स्वरूप सार्वजनिक स्थलमै खुला विचरण आचरण गराइनेछ । शान्ति सुरक्षाको जिम्मा चोरलाई साँचो सुम्पने नीति अख्तियार गरी जेल परेका र पर्ने आचरण गरेकालाई बाहिर छोडिनेछ । शान्ति सुरक्षामा लागेकालाई चोरको जिम्मेवारी सुम्पिइनेछ । दल दलका बुद्धिजीवीले आफ्नो बुद्धि प्रयोग गर्न नसकेको असक्त अवस्था सुधारका लागि बेवकूफलभन्दा दलदलले नै हण्डी स्वरूप बाँड्न बाध्य पारिनेछ । यसरी ख्वाइने र पाइने हण्डी नेतादेखि कार्यकर्तासम्म आयकर लाग्नेछैन । बरू कर आय हुनेछ ।

सबै सफललाई असफल र असफललाई सफल पार्न मन्त्री र मन्त्रालय हेर फेर र फेरहेर गरिनेछ । विद्युत्मा विरोध बढेकाले लोडसेडिङ मन्त्री नियुक्ति गरिएको छ । पानी खुवाउन नसक्ने पानीमरूवा जलमन्त्रीलाई मलस्रोत मन्त्री बनाइएको छ । मान्छे मर्नेभन्दा मार्ने बढेकाले मलामी मन्त्री नियुक्त गरिएको छ । देशमा सजिलो आम्दानीको स्रोत विचार गरी लूटपाटलाई सङ्गठित रूप दिनुका अतिरिक्त सुरक्षा निकायबाटै चोरलाई सुरक्षा दिने व्यवस्था सुरू गरिएको छ । सबै व्यापार फेल भएकाले बढी आम्दानी भित्र्याउने लागू औषध व्यापारमा प्रोत्साहन गर्न सबै सम्बद्ध मन्त्रीले लागू औषधि खाएको अभिनय गर्न सिकाइनेछ । बेकारी बढेकाले त्यसलाई रोजगारी स्वरूप राजनीतिक नियुक्ति पाउने टिके हाकिम, प्राज्ञ, कवि, कलाकार सबैलाई विभेद विना आ-आफ्नो क्षत्रेमा भ्यासेक्टोमी कार्य गर्न खटाइनेछ । नगद दिने सम्भावना भएमा बडेमानको सम्मान भिडाइने छ । दलका नेताहरूमा कुकुरको स्वभाव देखिएकाले रेविज कन्ट्रोलका लागि पशु चिकित्सालय बढाउने निर्णय जनतालाई सुम्पनु पर्ने र प्रधानमन्त्री चुन्न कठिन परेकाले उपाय पत्ता लगाउनेलाई नै प्रधानमन्त्रीको कुर्सी हस्तान्तरण पुरस्कार स्वरूप प्रदान गरिनेछ । यसरी जनताले असफलमा सफल नेतालाई अबको आन्दोलनमा सहिदको संख्या घटाउने गरी नेता नेतालाई नै घाँटीमा इजार कस्ने र हात खुट्टामा फलामको चूरा बस्ने गरी बाटा दोबाटामा जिउँदो सहिद स्वरूप प्रदर्शन गरी असफललाई सफल गरिनेछ । नेताको कठालो समाउने काम नेतालाई नै सुम्पिएको छ ।

असफल नेताको सफल घोषणामा विश्वास नलागे आन्दोलनमा भाग नलिने जनता जमातलाई सोध्नु होला । यो असफल नेतालाई सफल बनाउने घोषणा हो ।

कविता

## सहर



✍ जेम्स गोपाली

कक्षा-४, नवोदय शिशु सदन

हेटौँडा हो मेरो सहर
घुम्न जाने सबैको रहर
सहरमा हुन्छ धेरै घर
सफा छ मेरो हेटौँडा सहर

सफा बाटो र गाडी
बजार धेरै थरी
सुविधा हुन्छ धेरै
सफा छ सहर मेरै

हेटौँडा मेरो सहर
नेपालको झण्डा फरर
मलाई मनपर्छ हेटौँडा सहर
सधैँभरि यही बस्ने मेरो रहर

कविता

## बस्या'छ दिमाग दिलैको माथि



✍ प्रा. डा. मोहन प्रसाद जोशी

दिमाग भन्ने एउटा यन्त्र छ
सबैको त्यो नै मन्त्र छ
त्यसले दिलमाथि तन्त्र गर्छ
झुक्याउन षड्यन्त्र गर्छ ।

दिमागले धेरै हिसाब लाउँछ
बाह्रै महिना कुरा खेलाउँछ
निमुखा शरीरलाई सताउँछ
जुन बेला पनि कराउँछ
दिलको आवाजलाई दबाउँछ ।

आफैं धामी, आफैं झाँक्री
आफैं समस्या, आफैं समाधान
आफैं चोर, आफैं चपरासी
आफैं अभियुक्त, आफैं अभिवक्ता
सँधै छ यस्तै अवस्था साथी
बस्या'छ दिमाग दिलैको माथि ।

कविता

## वारण्टी र ग्यारण्टी

✍ राजु 'हिमांशु'


आफ्नै वारण्टी र ग्यारण्टी नभएको मान्छेले
वारण्टी खोज्छ
ग्यारण्टी खोज्छ
किनबेचहरूमा ।

धेरै लामो समयको वारण्टीमा खुशी हुन्छ
सस्तो दाममा राम्रो ग्यारण्टी पाएँ भन्छ
छिमेकीलाई सुनाउँछ
छिमेकीलाई जलाउँछ ।

सामानको वारण्टी र ग्यारण्टी नपुगी
उसको वारण्टी र ग्यारण्टीको
म्याद भने सकिन्छ
अचानक
असमयमा ।

मान्छेले किन खोज्छ हँ
वारण्टी र ग्यारण्टी
क्षणभङ्गुर शरीर लिएर
किनबेचहरूमा ?

**चित्रकला**






दिपाशना थापा

जी.एस. निकेतन मा.वि. हेटौंडा

# मधेशमा दुई मोर्चा बनाउने तीव्र तयारी



काठमाडौं/अनेकौं फुटपछि राष्ट्रिय राजनीतिमै रक्षात्मक बन्न पुगेका मधेशका क्षेत्रीय पार्टीहरू फेरि मोर्चाबन्दी तयारीमा जुटेका छन् । उपेन्द्र यादव, महन्थ ठाकुरलगायत मात्रै नभई पहाडी जनजातिकेन्द्रित अशोक राईको जसपा, अनि थरुहट केन्द्रित नागरिक उन्मुक्ति पार्टी (नाउपा) सम्म यो प्रयासमा जोडिँदै छन् ।

झट्ट हेर्दा एउटै मोर्चाका लागि कोसिस भइरहे पनि निष्कर्षमा पुग्दा मधेशमा दुईवटा मोर्चा बन्न सक्ने संकेत देखिएको छ । यसपल्टको मिलजुल प्रयासका पछिल्तिर कुनै सैद्धान्तिक कारण भने देखिँदैन । विश्लेषक तथा लेखक सीकेलालको भनाइमा मधेशका शक्तिहरू सैद्धान्तिक आधारविहीन छन्, तर सत्ताराजनीतिको व्यावहारिकताले उनीहरूलाई नजिक्याउँदैछ ।

आन्तरिक खिचातानी पछि विभिन्न चरणमा फुट, नतिजामा लगातार संसदीय सिटहरू गुमाउँदै जाँदा मधेशी दलहरू सत्ता राजनीतिबाट विमुख बन्न पुगेका हुन् । कुनै बेला एउटै मधेशी दल अर्थात मधेसी जनअधिकार फोरमले ५४ सिट ल्याएर संसद्मा चौथो शक्ति बनेको दृष्टान्त अब इतिहास भइसकेको छ । त्यसमाथि ठूला दलहरू' कांग्रेस र एमाले स्पष्ट बहुमतसहित सत्ता गठबन्धनमा बस्न पुगेपछि संघदेखि प्रदेशसम्मै सत्तासमीकरणदेखि राजनीतिक नियुक्तिसम्म मधेशवादी पार्टीहरूको बार्गेनिङ पावर घटेर गएको छ । उनीहरु प्रतिनिधिसभामा २८ सिटसहित रक्षात्मक अवस्थामा छन् ।

मधेशी शक्तिलाई जोड्ने उत्प्रेरणा सत्ता राजनीतिले मात्रै जगाइरहेको छैन । मिलनुपर्ने यथार्थबोधका बीचमा आइपुगेको छ संविधान संशोधनको बहस, जहाँ विगतमै जस्तो ठूला दलहरूको दुईतिहाइ, अनि सत्तापक्षबाट प्रस्तावित १० प्रतिशतको थ्रेसहोल्ड पैरवीका कारण आगामी चुनावको सम्भावित नतिजा कस्तो होला भनी मधेशका पार्टीहरू चिन्ताग्रस्त बन्न पुगेका छन् । संशोधनका अधिकांश प्रस्ताव आफूहरुलाई खुम्च्याउनकै लागि ल्याइन लागेको मधेसकेन्द्रित दलहरुको संशय छ ।

'खासमा यो सहकार्य मधेशी दलको मात्रै नभएर सबै साना पार्टीहरूको लागि आवश्यकता हो, तर विगतमा मिलेर, फुटेकाहरूलाई फेरि मिल्नु भनेको डेन्टिङ-पेन्टिङ-मेन्डिङ गर्न कठिन परेजस्तै हुँदो रहेछ,' जसपा अध्यक्ष अशोक राई भन्छन्, 'हाम्रोबीचमा कुराकानी सुरु भएको छ, तर पुराना मिलनभन्दा नयाँलाई मिल्न सजिलो होला ।'

राईले सकारात्मक परिणाम आउला भन्नेमा आशावादी बन्न आग्रह गरे । अर्का नेता राजेन्द्र महतोले मधेशी र आदिवासी जनजातिको बृहत् संयुक्त मोर्चा बनाएर नयाँ आशा जगाउन काम भइरहेको सुनाए । 'संविधान संशोधन र दैनिक राजनीतिक समस्या समाधानका लागि मोर्चाबन्दी हुन्छ,' हाल राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष रहेका महतोले भने, 'तयारी भइरहेको छ । केही समय लाग्छ ।'

महतो आफैं लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट बाहिरिएर राष्ट्रिय मुक्ति पार्टीमार्फत् छुट्टै राजनीतिक अभियानमा छन् । अनि अशोक राईले उदाहरण दिएजस्तो समस्या स्वयं जसपाले केही समयअघि भोग्यो, जहाँ सांसदको बहुमत डफ्फा बोकेर उनी आफैं जसपा नेपालबाट बाहिरिए । अचेल उपेन्द्र यादवसँग राईको मिल्ती छैन । तैपनि विगतका सबै मधेशी जनजाति दल एक ठाउँ आउने छलफलमा उनीहरू सामेल नै छन् ।

पुराना मधेशी-जनजाति धारलाई हृदयेश त्रिपाठी, राजकिशोर यादवलगायतले जोड्न खोजिरहेका छन् । उनीहरूले जोड्न खोजेका शक्तिमा महन्थ ठाकुर, उपेन्द्र यादव, राजेन्द्र महतोदेखि प्रभु साहसम्मका नेता छन् । त्यसैले यो पृष्ठभूमिमा अशोक राई र राजेन्द्र महतोले भनेझैं नयाँ मधेशी-थारु घटकलाई नै आपसमा छलफल चलाउन सहज देखिएको छ । नयाँ दलहरूमध्येबाट आपसी छलफलमा सामेल बन्न थालेका छन्, रेशम चौधरी र सीके राउत ।

हामीले जनमत पार्टी र नाउपाको छलफलमा के कति प्रगति भयो भनेर जान्न चाह्यौं । यो बीचमा नाउपा संरक्षक रेशम चौधरीले जनमत पार्टी अध्यक्ष सीके राउतसँग चार चरणमा संवाद गरेका छन् । संचारकर्मीसँग कुरा गर्दै रेशम चौधरीले यो संवाद सिलसिला केही दिनअघिसम्मै चालु रहेको बताए ।

'संकट परेर मात्रै एक ठाउँ हुन खोजेका होइनौं, न त पदकै लालसाले कार्यगत एकता र मोर्चाबन्दी चाहिएको हो,' चौधरीले भने, 'हामी बलियो हुँदा राजनीतिक मुद्दामा पहलकदमी लिन सकिँदो रहेछ, कमजोर हुँदा एजेन्डा नै कमजोर बन्न पुगे । त्यसैले सीकेजीसँग एउटै लाछाडोरीमा बाँधिनुपर्‍यो भनेर सहकार्यका लागि छलफल थालेको हो ।'

चौधरीको भनाइमा राउत पनि कार्यगत एकता गर्न, अझ सम्भव भयो भने मधेशको नयाँ शक्तिका रूपमा एकतासम्मै जान प्रतिबद्ध देखिन्छन् । दुवै नेताले आफ्ना दलभित्र बृहत् छलफल चलाउन बाँकी रहेको उनले बताए । जनमत पार्टीको उच्च नेतृत्वले नाउपासँग छलफल चलिरहेको सकार्‍यो । नाउपासँग सहकार्यको स्वरुप कस्तो हुने भन्नेमा पार्टीभित्र एकमत बन्न बाँकी रहेको नेताहरूले बताए । प्रतिनिधिसभामा जनमतको ६ सिट छ भने नाउपाको चार सिट । यी दुई दललाई कुनै न कुनै रूपमा मिलाउन सक्दा राउत-चौधरी आफ्नो संयुक्त शक्तिसहित हाललाई मधेशको पहिलो शक्ति बन्न जानेछन् । उनीहरुलाई 'पुराना दल'सँग नमिल्न आफ्नै किसिमको दबाब छ ।

रेशमले पार्टी संरक्षकका रूपमा छलफल अघि बढाए पनि नाउपा अध्यक्ष रन्जिता चौधरी भने जनमतसँग मिलेर जान सकिनेबारे अनभिज्ञ देखिन्छिन् । उनले राउतसँग छलफल नभएको दाबी गरिन् । 'हाम्रोमा जनमतसँग कसरी जाने भन्नेमा त्यस्तो छलफल भएको छैन,' अध्यक्ष चौधरीले भनिन्, 'त्यस्तो अवस्था आयो भने भन्छौं । अहिले हामी आफ्नै शक्ति बलियो बनाएर जानुपर्छ भनेर संगठन निर्माणतर्फ केन्द्रित छौं ।'

जनमत पार्टीका उपाध्यक्ष दीपक साहले सहकार्य गर्न दुई पार्टीबीच डेढ वर्षअघि नै हस्ताक्षर भएकाले त्यो नीति निरन्तर नै रहेको बताए । आफूहरूले नाउपा नेताहरूलाई राजनीतिक मुद्दामा सक्रिय भएर लाग्नुस् भनी आग्रह गरेको उनले सुनाए । दुई दल मिलाएर मधेशको सबैभन्दा ठूलो शक्तिका रुपमा पेश हुने उनीहरूको चाहना छ ।

'हाम्रो बीचमा भेटघाट भइराखेको छ, तर अहिलेसम्म कसरी अगाडि जाने भनेर ठोस धारणा बनिसकेको छैन,' जनमत पार्टीका उपाध्यक्ष साहले भने, 'अहिले कुनै सत्ताको सोच राखेर मिल्ने कुरा गरेको होइन, हाम्रा साझा एजेन्डा र उत्पीडनविरुद्धका साझा भावना छन् । दीर्घकालीन सहकार्यमा परिणत गर्न सकियो भने पक्कै राम्रो हुन्छ ।'

अहिले आएर नजिकिनुपर्ने कारण के पर्‍यो भनी मधेशका सबै खाले नेताहरूसँग सोध्दा सत्ता, संविधान र भूराजनीतिको साझा चासो र खाँचोले छलफलमा बस्नुपरेको बताउँछन् । सत्ता र संविधानबारे माथि भनिसकियो । भूराजनीतिको बारे उनीहरूको बुझाइ कस्तो देखिन्छ भने, केपी शर्मा ओलीले नेतृत्व गरेको वर्तमान सरकार शक्तिशाली गठबन्धनको जगमा उभिएको भए पनि यसले 'पर्याप्त शक्ति' आर्जन गर्न सकेको छैन ।

यस्तो अवस्थामा कुनै पनि बेला सत्तासमीकरणको पासा पल्टिन सक्ने भएकाले आफ्नो र हलपहल शक्ति र संख्यासहित तयारीमा बस्नुपर्ने उनीहरूले ठानेका छन् ।

पछिल्लोपल्ट मधेशी-जनजातिको ध्रुवीकरणका लागि पहल गरिरहेका जनता प्रगतिशील पार्टीका अध्यक्ष फदयेश त्रिपाठी यसलाई अलिकति बेग्लै भाषाबाट अर्थ्याउँछन् । 'राजनीति-भूराजनीति वा अर्थतन्त्र जुनसुकै कोणबाट हेर्दा अहिले कांग्रेस र एमालेजस्ता ठूला पार्टी मात्रै होइन, हामी सबै खाले राजनीतिक वर्गप्रति एक किसिमको अविश्वास छ,' त्रिपाठीले भने, 'राजनीतिक संकट बढ्दो छ, तर हामी कोही पहल गरिरहेका छैनौं । उपेन्द्र, महन्थ, अशोक, रेशम, प्रभु साह, राजेन्द्र महतो, सीके राउत-तपाईं जोसुकैको नाम लिनुहोस् उनीहरू सबै घायल छन् ।'

त्रिपाठीले नेताहरूलाई समूहमा तथा छुट्टाछुट्टै भेटेर संवाद चलाइरहेका छन् । उनले ठूला दलबाट विभिन्न अध्यादेश वा कडा बाध्यकारी प्रावधानहरू आउनसक्ने भन्दै तेरो-मेरो पार्टी नभनी साझा स्वार्थ पहिचान गर्न प्रस्ताव लगिरहेका छन् । कांग्रेसबाट बहिर्गमित स्वतन्त्र सांसद अमरेश सिंहले यसका लागि भित्री भूमिका खेलिरहेको बुझिएको छ । त्रिपाठी र अमरेशले साझा सम्पर्क निर्माण गर्दै नेताहरूलाई भेटिरहेका छन् ।

त्रिपाठीकै जस्तो खाँचो देखेका छन् उपेन्द्र यादवले । सबैभन्दा बढी विभाजनको क्षति बेहोरे पनि यादव यति बेला मधेशको मूलधारमा आफूलाई उभ्याउने विन्दु खोजिरहेका छन् । त्यसैले उनले जसपा नेपालको विभाजनपछि महाधिवेशनमै एकताको आह्वान गरे । त्यसपछि बसेको पहिलो कार्यकारिणी बैठकले पार्टीका उपाध्यक्ष राजकिशोर यादव नेतृत्वमा मधेशका विभिन्न दलहरूसँग एकता र सहकार्य छलफलका लागि अन्तपार्टी संवाद समिति गठन गर्‍यो ।

समितिको तर्फबाट उपाध्यक्ष यादवले मधेशमा टुटफुटका कारण ठूला दलसँग प्रतिरोध गर्ने क्षमता नै कमजोर भएको भन्दै सहकार्यको हात बढाउन ढिलाई गर्न नहुने भन्दै नेताहरू भेटिरहेका छन् । 'संविधानमै भएका व्यवस्था नमान्न ठूला दल अघि बढ्दा पनि केही गर्न नसक्ने भयौं, राजदूतलगायत नियुक्तिमा समावेशिताका कुनै ख्याल गरिएन, तर भन्नै नसक्ने भयौं,' जसपा उपाध्यक्ष यादवले भने, 'छलफल र भेटघाटको आवश्यकता पहिले नै थियो, तर अहिले वस्तुगत परिस्थिति तयार भएको छ ।' उनले अहिले भइरहेका छलफललाई प्रारम्भिक चरण भनी अर्थ्याए । जसपा नेपालका प्रवक्ता मनीष सुमनले अहिलेको एकता आफूहरूलाई मात्रै होइन, सबै क्षेत्रीय घटकलाई चाहिएको भन्दै सके एकता, नत्र मोर्चाबन्दी हुनसक्ने बताए ।

यी समग्र छलफलमा लोसपा अध्यक्ष महन्थ ठाकुर अग्रसरता लिनसक्ने अवस्थामा देखिएका छैनन् । उनले नेताहरूका प्रस्तावलाई सुनिरहेको, चाँडै पार्टीमा छलफल गरेर जवाफ दिने बताएका छन् । तर, लोसपा नेता जीतेन्द्र सोनल भने एकता नभए पनि सहकार्यको आवश्यकता औंल्याउँछन् ।

'एजेन्डाका लागि मिल्नु आवश्यक भइसकेको छ, हामीले सामूहिक शक्तिबाट विगतमा दिलाएका प्रगतिलाई टुंगो लगाउन पनि एक ठाउँ आउनुपर्छ,' सोनलले भने, 'मधेशका मुख्य शक्तिहरूका बीचमा सहकार्य हुनुपर्‍यो । संविधान संशोधनदेखि अरु विषयमा साझा धारणा बनाउन आवश्यक छ ।'

यसरी हेर्दा मधेशमा परम्परागत आधार भएका शक्तिहरूको एउटा मोर्चा, अनि जनमत तथा नाउपाको अर्को भिन्नै मोर्चा बन्न सक्ने आधार बलियो देखिन्छ । केही नेताहरूले भने यी दुवै समूहसमेत अन्ततः साझा स्वार्थहरूका कारण एक ठाउँ आइपुग्ने ठोकुवा गर्छन् ।

राजनीतिक विश्लेषक तथा लेखक सीके लाल भने अब कुन एजेन्डाका लागि मधेशकेन्द्रित शक्तिहरू मिल्ने भनी प्रश्न गर्छन् । संघीयताका लागि विगतमा सद्भावना पार्टीले लडेको, ०६३ को पहिलो मधेश आन्दोलनमा मधेशी जनअधिकार फोरमले जनसंख्याको आधारमा निर्वाचन क्षेत्रका लागि संघर्ष गरेको उनी दृष्टान्त दिन्छन् ।

'दोस्रो मधेश आन्दोलनमा समानुपातिकता र समावेशिताका लागि, तेस्रो मधेश आन्दोलनमा पहिचानका आधारमा दुई वा तीन मधेश प्रदेशको लडाइँ थियो,' सीके लाल भन्छन्, 'अहिले के एजेन्डा देखाएर एक ठाउँ आउने ? गनगन गर्ने काम मात्रै गर्नलाई सहकार्यको खाँचो पर्ने होइन । राजनीतिक सैद्धान्तिक आधार स्पष्ट गर्न सकियो भने बल्ल सहकार्य वा एकताको औचित्य पुष्टि हुन्छ ।'

भूराजनीतिक हस्तक्षेपका लागि आशामुखी भएको वा सत्ताको कुनै पनि खालको आकांक्षा राखेर मिल्न खोजेको हो भने त्यो झन् प्रत्युत्पादक हुन सक्ने विश्लेषक लालको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# यो वर्ष धेरै फल्यो धान, कुन प्रदेशमा कति ?

काठमाडौं/धान खेतीको उत्पादकत्व बढ्दा मुलुकमा धान उत्पादन बढेको छ । चालु आर्थिक वर्ष २०८१/८२ मा गत आवभन्दा ४.०४ प्रतिशतले धान उत्पादन बढेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ । मन्त्रालयका अनुसार चालु आव धान बालीको कुल उत्पादन ५९ लाख ५५ हजार ४ सय ७६ टन हुने प्रारम्भिक अनुमानले देखाएको छ । गत आव धानको कुल उत्पादन ५७ लाख २४ हजार २ सय ३४ टन थियो ।

गत आर्थिक वर्ष वर्षे धान ५२ लाख ३ हजार ४ सय २६ टन उत्पादन भएकोमा यो वर्ष ५४ लाख ११ हजार ८३ टन पुगेको छ । यस्तै चैते धान ५ लाख २० हजार ८ सय ८ टन उत्पादन भएको थियो भने यो आवमा ५ लाख ४४ हजार ३ सय ९३ टन उत्पादन भएको हो ।

धान बाली हुने क्षेत्रफलमा कमी आउँदा पनि उत्पादकत्वमा सकारात्मक वृद्धि देखिएको हो । वर्षे र चैते दुवै गरी चालु आव कूल १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा धान लगाइएको अनुमान कायम भएको थियो । जुन गत आवको तुलनामा १.२८ प्रतिशतले कम हो । कृषि मन्त्रालयका अनुसार औसत उत्पादकत्व ४.१९ टन प्रतिहेक्टर पुगेको छ । यो हालसम्मको उच्च बिन्दु हो ।

## लुम्बिनी र मधेशले बढायो धानको कुल उत्पादन

प्रदेशगत हेर्दा यो वर्ष मधेश, लुम्बिनी र कोसी प्रदेशका कारण कुल राष्ट्रिय उत्पादनमा वृद्धि भएको देखिन्छ । कोसीमा यो वर्ष १४ लाख ६६ हजार ५ सय १८ टन अर्थात् गत वर्षभन्दा २.१६ प्रतिशतले धान उत्पादन बढेको छ ।

गत वर्ष १४ लाख ३५ हजार ५ सय ७८ टन उत्पादन भएको थियो । मधेशमा पनि यो वर्ष उत्पादन ह्वात्तै बढेको छ । गत वर्ष १३ लाख ३७ हजार ६ सय ७२ टन उत्पादन भएको थियो । यो वर्ष १०.७० प्रतिशत बढेर १४ लाख ८० हजार ८ सय ३० टन पुगेको छ । असोजको दोस्रो साता आएको बाढीका कारण बागमतीको धान उत्पादन भने कमी आएको छ । बागमतीमा ४ लाख ९८ हजार ६ सय ६२ टन उत्पादन भएको छ, जबकि गत वर्ष ५ लाख ४ हजार ३ सय ४४ टन धान उत्पादन भएको थियो ।

बागमतीमा १.१३ प्रतिशतले उत्पादन घटेको हो । गण्डकीमा पनि उत्पादन घटेको छ । गत वर्ष ३ लाख ९१ हजार ६ सय २४ टन धान उत्पादन हुँदा यो वर्ष घटेर ३ लाख ७९ हजार ३२ टन उत्पादन भएको हो । लुम्बिनीमा भने धान उत्पादन बढेर लुम्बिनी १३ लाख ६४ हजार ३१ टन उत्पादन भएको छ । गत वर्ष १३ लाख १० हजार ८ सय २९ टन उत्पादन थियो । जुन यो वर्ष ४.०६ प्रतिशतले घटेको हो ।

यस्तै कर्णालीमा धान उत्पादन स्वाट्टै घटेको छ । गत वर्ष १ लाख ४५ हजार ६३ टन उत्पादन भएकोमा यो वर्ष १०.२५ प्रतिशतले घटेर कर्णालीमा १ लाख ३० हजार १ सय ९१ टनमात्र उत्पादन भएको हो । सुदूरपश्चिम प्रदेशमा भने धान उत्पादन ६.१९ प्रतिशतले बढेर ६ लाख ३६ हजार २ सय १२ टन पुगेको छ । गत वर्ष ५ लाख ९९ हजार १ सय २४ टन उत्पादन भएको थियो ।

## किन बढ्यो उत्पादकत्व ?

मन्त्रालयकी प्रवक्ता डा. मतिना जोशी वैद्यका अनुसार चालु आवमा मनसुन औसतभन्दा तीन दिन अगाडि सक्रिय हुँदा धान उत्पादकत्व बढेको हो । 'धान सिजनमा औसत वर्षा गत वर्षभन्दा उच्च रहन जाँदा वर्षे धान बालीका लागि सहयोगीसिद्ध हुन पुगेको छ,' मन्त्रालयले सार्वजनिक गरेको कारणमा उल्लेख छ ।

यस्तै रासायनिक मल र उन्नत जातको धान आयात गत वर्षको सोही अवधिको तुलनामा वृद्धि हुनु पनि धान उत्पादनका लागि प्रभावकारी रहन गएकोछ । मन्त्रालयका अनुसार प्रदेशगत हेर्दा कोसी, मधेश, लुम्बिनी र सुदूरपश्चिममा कुल धान उत्पादनमा वृद्धि भए पनि बागमती, कर्णाली र गण्डकीमा उत्पादन घटेको देखिन्छ । रुकुम (पश्चिम) मा धान बाली लगाइएको क्षेत्रफल गत वर्षको तुलनामा कमी रहेकाले समग्र कर्णालीको उत्पादनमा कमी आएको छ । यसैगरी नवलपरासी (पूर्व) केही भागमा वर्षे धानको बाला नलाग्ने समस्या देखा परी उत्पादनमा कमी आउँदा र लमजुङमा धान बाली लगाइएको क्षेत्रफल परिमाण परिमार्जन हुँदा कुल धान बाली भित्र्याइएको क्षेत्रफलमा कमी आई उत्पादन घटेको छ ।

प्रवक्ता वैद्यले असोज दोस्रो साता आएको बाढीले क्षति नभएको भए धानको उत्पादन अझै बढ्न सक्ने बताइन् । 'असोजमा बाढी पहिरोले असर नगरेको भए बागमती प्रदेश सहित अन्य प्रदेशको धान उत्पादन ऋणात्मक नहुन सक्थ्यो । तर, बाढीका कारण पहाडी खेतमा क्षति पुगेर केही उत्पादन अझै कम भयो । नत्र, धान उत्पादन अहिलेभन्दा बढ्न सक्थ्यो,' वैद्यले संचारकर्मीसँग भनिन् । *(स्रोत: अनलाइनखबर)*

# अनुया तामाङ बनिन् 'द भ्वाइस ग्लोबल'को उत्कृष्ट आठौं विजेता



काठमाडौं/११ वर्षिया अनुया तामाङ सन् २०२४ मा 'द भ्वाइस ग्लोबल'की आठौं स्थानकी विजेता बन्न सफल भएकी छन् । 'द भ्वाइस ग्लोबल' सांगीतिक रियालिटी शो 'भ्वाइस'को माउ टेलिभिजन कार्यक्रम हो ।

'द भ्वाइस ग्लोबल'ले संसारभरका 'द भ्वाइस किड्स'का विजेतालाई समेट्दै विजेता सूची तयार पारेको छ । जसअनुसार, उक्त वर्ष भ्वाइस किड्सको नेपाल संस्करणको उपाधि जितेकी अनुया भ्वाइस ग्लोबलको आठौं स्थानमा पर्न सफल भएकी हुन् ।

'द भ्वाइस ग्लोबल'को युट्युब च्यानलले अनुयाले दिएका दुई प्रस्तुतिलाई समेटेको छ । 'सपना भइ आँखामा' र 'थिम्पुको चिसो हावाले सपनीमा आउनेलाई' गीतमा प्रस्तुति दिएकी थिइन् । अघिल्लो गीतलाई उनले ब्लाइन्ड अडिसन र पछिल्लोलाई फिनालेमा प्रस्तुत गरेकी थिइन् ।

सूचीमा नेपालसहित जर्मनी, कोलम्बिया, फ्रान्स, स्पेन, पोल्याण्ड, मंगोलिया, पोर्चुगलका विजेतालाई पनि समेटिएको छ । भ्वाइस किड्स नेपालको भदौ पहिलो साता सम्पन्न फिनालेमा उनले उत्कृष्ट प्रस्तुति दिएकी थिइन् ।

नेपालीभाषी भुटानी परिवारमा जन्मिएकी अनुयाले हालै ५ कक्षा उत्तिर्ण गरेकी छन् । उनको परिवार अमेरिकाको पेन्सिलभेनिया राज्यमा बसोबास गर्दै आएको छ । नेपाली पढ्न लेख्न नजान्ने अनुयाले यतिबेला नेपाली कखरा सिकिरहेकी छन् ।

# 'केटी हराएको सूचना'को 'सपनीमा' गीतमा नाजिर र सृष्टिको प्रेम



काठमाडौं/आगामी माघ ११ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'मिसिङ: केटी हराएको सूचना'को नयाँ गीत सार्वजनिक गरिएको छ ।

शुक्रबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक 'सपनीमा' बोलको रोमान्टिक गीतमा करुण थापाको शब्द तथा संगीत छ भने इन्दिरा जोशी र करण परियारको स्वर छ । करुणले २० वर्षपछि यही गीतमार्फत् पाश्र्व गीत लेखनमा कमब्याक गरेका हुन् ।

गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता नाजिर हुसेन र अभिनेत्री सृष्टि श्रेष्ठबीचको प्रेम देखाइएको छ । रामजी लामिछानेको कोरियोग्राफीमा तयार भएको भिडियोमा नाजिरले परिकल्पना गरेको कुरालाई कलात्मक ढंगले बुनेर प्रस्तुत गरिएको छ । गीतको संगीत, गायन र शब्द रचना अब्बल छ । भिडियोले पनि गीतलाई न्याय गरेको छ ।

गीत सार्वजनिक कार्यक्रममा गायिका जोशीले तराईको पात्रलाई हिरोको रुपमा स्थापित गराएको फिल्ममा स्वर दिन पाएकोमा खुशी व्यक्त गरिन् । त्यस्तै, गायक परियारले फिल्ममा पाश्र्व गायनको सपना 'केटी हराएको सूचना'बाट पूरा भएकोमा खुसी लागेको प्रतिक्रिया दिए । गीतकार तथा संगीतकार करुणले फिल्मको कथा र पात्रको भाव बुझेर गीत तयार पारेको बताए ।

दीपेन्द्र गौचनको लेखन, निर्माण एवं निर्देशनमा तयार भएको फिल्ममा नाजिर र सृष्टिसहित सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रुपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, अर्जुन पोखरेल, ओमप्रकाश कर्ण लगायतको अभिनय छ । फिल्मका कार्यकारी निर्माता नकिम उद्दिन हुन् । फिल्मले फरक भूगोलका दुई पात्रको कथा भन्नेछ ।

# 'कार्साङ' ट्रेलरबारे दर्शक भन्छन्, 'वर्षकै सर्वोत्कृष्ट'



काठमाडौं/अभिनेता दयाहाङ राईको ६ महिनापछि रिलिज हुन लागेको नयाँ फिल्म 'कार्साङ'को ट्रेलर बुधबार युट्युबमा सार्वजनिक भैसकेको छ । एक महिनाअघि आएको टिजर र आइतबार सार्वजनिक 'सात भन्ज्याङ' बोलको गीतले उत्कृष्ट प्रतिक्रिया पाइरहँदा ट्रेलरले पनि दर्शकलाई आकर्षित गरेको छ । युट्युबमा ट्रेलरलाई लोभलाग्दो भ्यूज मिलेको छ भने प्रतिक्रिया उस्तै उत्साहजनक प्राप्त छ ।

७ लाख ३० हजार बढी भ्यूजसहित ट्रेलर यतिबेला युट्युबको मुभिज ट्रेन्डिङतर्फ दोस्रो स्थानमा छ । रिलिजको २४ घण्टामै ट्रेलर यो स्थानमा उक्लिएको थियो । यसले फिल्मप्रति दर्शक उत्साहित रहेको दर्शाउँछ । ट्रेलरको समग्र प्रतिक्रिया पनि सकारात्मक छ । कतिले यस वर्षकै सर्वोत्कृष्ट ट्रेलर दाबी गरेका छन् भने कतिले अर्गानिक फिल्म भन्दै प्रशंसा गरेका छन् ।

ट्रेलरमा प्रतिक्रिया हेर्दा दयाहाङभन्दा जितु नेपालको तारिफ दर्शकले बढी गरेको देखिन्छ । उनको अभिनय अहिलेसम्मकै उत्कृष्ट देखिएको प्रतिक्रिया धेरै प्राप्त छ । उनको तारिफमा एक प्रशंसक लेख्छन्, 'जितु नेपालको अभिनय, अहिलेसम्मकै फरक चरित्र एकदमै सुहाएको छ । पुरानो कलाकार बल्ल सुहाउँदो रोलमा देखियो ।' दीया मास्केसँग उनको केमेस्ट्री पनि निकै रुचाइएको छ ।

शेर्पा समुदायको संस्कृति, समाजमा व्याप्त अन्धविश्वास र आर्थिक समस्यासँग जुधिरहेको एउटा झाँक्री परिवारको कथालाई ट्रेलरमा मर्मस्पर्शी रुपमा देखाइएको छ । फिल्ममा दयाहाङ शेर्पा समुदायको झाँक्रीको भूमिकामा छन् । उनले पहिलो पटक यसप्रकारको भूमिका निभाएका हुन् । यसैले पनि फिल्मप्रति दर्शकको चासो निकै बढेको छ ।

यम शेर्पाको लेखन तथा निर्देशनमा तयार भएको 'कार्साङ' ग्रामीण परिवेशमा आधारित पारिवारिक कथावस्तुमा बनेको फिल्म हो । यसमा सिर्जना निङ्लेखु, बुद्धि तामाङ, कविता आले, डोमा ह्योल्मो, प्रेम लोप्चन, सुरवीर पण्डित, रविन्द्र झा, कर्मा शेर्पालगायतको पनि अभिनय रहेकोछ । यही पुष २६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मका निर्माता तथा छायांकार पुरुषोत्तम प्रधान हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बकैया गाउँपालिका र पुष्पाञ्जली हस्पिटलबीच सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ मकवानपुरको बकैया गाउँपालिका र चितवनको पुष्पाञ्जली हस्पिटल प्रालिबीच उपचार सहुलियत करारनामा सम्झौता भएको छ ।

शुक्रबार गाउँपालिकामा पुष्पाञ्जली हस्पिटल प्रालिका प्रवन्ध निर्देशक सुजनराज अधिकारी र बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले सम्झौतापत्रमा हस्तक्षर गरेका छन् । बकैयाकाबासीलाई स्वास्थ्यपरीक्षण तथा उपचार गर्दा हस्पिटलबाट प्रवाह हुने सेवामा २५ प्रतिशतसम्म छुट सुविधा दिने, अस्पतालको सेवा जस्तैः बेडचार्ज, ल्याव टेस्ट, ईसीजी, इको, भिडिओ एक्सरे, एक्सरे, सिटीस्क्यानलगायतमा २५ प्रतिशत, अप्रेशन र क्याबीनमा १५ प्रतिशत छूट दिने र औषधिमा ७ प्रतिशतसम्म छुट दिने सम्झौता भएको छ ।



गाउँपालिकाका जनताको स्वास्थ्यउपचार सहुलियतको लागि अध्यक्ष लामिछानेले यस्तो कार्य गर्न आफू लागि परेको बताए । अध्यक्ष लामिछानेले स्थानीय तहमा स्वास्थ्य क्षेत्रमा सुधारको लागि विभिन्न कार्य गर्दै आएको बताएका छन् । सम्झौताको क्रममा गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीले पालिकामा रहेका अति विपन्न, गरिब, असाहय मानिसको लागि निःशुल्क उपचार गर्न समेत आग्रह गरेका छन् ।

सम्झौताका क्रममा पुष्पाञ्जली हस्पिटल सामाजिक सेवा ईकाई प्रमुख केदारप्रसाद सुवेदी, बकैया गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ, गाउँपालिका सामाजिक विकास महाशाखाप्रमुख फटिकरमण प्याकुरेल, स्वास्थ्य संयोजक रमेश फुँयाललगायतको सहभागिता रहेको थियो ।







# जिल्ला सहकारी संघको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ मकवानपुर जिल्ला सहकारी संघको २१ औं वार्षिक साधारणसभा शुक्रबार हेटौंडामा भएको छ । संघका अध्यक्ष नारायणप्रसाद देवकोटाको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रमुखअतिथि घलानले सहकारी संस्थाले सदस्यको व्यवसाय प्रवर्द्धन गर्नुपर्ने बताए । उनले सहकारीलाई असल बनाउन सदस्यको भूमिका महत्वपूर्ण हुने बताए । संघका अध्यक्ष देवकोटाले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । कोषाध्यक्ष बिमलकुमार ढकालले आर्थिक प्रतिवेदन, लेखासमिति संयोजक खेमराज सापकोटाले लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरेका थिए । साधारणसभाकै अवसरमा बिभिन्न सहकारी एकीकरण गरी सहकारीको विकास र प्रवर्द्धनमा योगदान पुऱ्याएका १३ सहकारी संस्थालाई सम्मान गरिएको थियो ।

सम्मानित हुने सहकारी संस्थामा नमुनाप्रगति बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-२, दिब्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि. हेटौंडा-२, पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-२, आधुनिक बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-१६, युवाबचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-२, उपयोगी सहश्राब्दी बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-११, गतिशील कृषि सहकारी संस्था लि. फाखेल-४, चुरेशिखर कृषि सहकारी संस्था लि., हेटौंडा-१५, श्रमिकसुरक्षित बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-२, नारायणी बहुउद्देश्यीय सहकारी संस्था लि. हेटौंडा-९, चौघडा बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-६, ज्योति बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-२, नारीचेतना बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-६ रहेका छन् ।

साधारणसभामा राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्रीप्रसाद लम्साल, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी महाशाखा बागमती प्रदेशका रजिष्ट्रार कुमार तामाङ, केन्द्रीय दुग्ध सहकारी संघका सञ्चालक बिदुर हुमागाईं, बागमती प्रदेश सहकारी संघका सञ्चालक एवम् मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कंडेललगायतको आतिथ्यता थियो ।

# सिमलटार टोल विकासमा बजगाई

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ मकवानपुरगढी गाउँपालिका-५ मा अवस्थित सिमलटार टोल विकास संस्थाको शुक्रबार वार्षिक साधारणसभा तथा अधिवेशन भएको छ ।

संस्थाका अध्यक्ष श्यामप्रसाद लामाको अध्यक्षतामा भएको सभाले विष्णुकुमारी बजगाईको नेतृत्वमा नयाँ समिति सर्वसम्मत चयन भएको थियो । समितिको उपाध्यक्षमा सुनिता घलान, सचिवमा उषा लम्साल घिमिरे, सहसचिवमा सावित्री गौतम अधिकारी, कोषाध्यक्षमा सुनमाया लोप्चन(लक्ष्मी) चयन भएका छन् । सदस्यहरुमा सरिना थिङ र अप्सरा पुडासैनी ओझा चयन भएका थिए । भेलाले सिमलटार कृषि तथा पशुपालन समूहको तदर्थ समिति गठन गरेको छ ।

समितिको अध्यक्षमा यज्ञप्रसाद तिमल्सिना, सचिव श्रीराम अर्जुन दाहाल र कोषाध्यक्ष सरिता तिमल्सिना चयन भएका छन् भने २२ जना सदस्य सर्वसम्मत चयन गरिएको छ । वडा नम्बर ५ का वडाध्यक्ष दिपेश दाहालको प्रमुख आतिथ्यतामा भएको भेलामा टोल विकास संस्थाका सल्लाहकारद्धय चन्द्रप्रसाद दुलाल र यज्ञप्रसाद तिमल्सिनाको आतिथ्यता रहेको थियो ।

## २२ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस नमुना बहुउद्देश्यीय सहकारी संस्था लि.को मिति २०८१/०८/०१ गते बसेको बैठकको निर्णय अनुसार संस्थाको २२ औं वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा यसै सूचनालाई आधार मानी यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी कार्यक्रमः**
मिति : २०८१/०९/२० गते, शनिबार
समय : बिहान ११:०० बजे ।
स्थान : रोयल पार्टी प्यालेस, हेटौंडा-४, मकवानपुर

**छलफलका विषयहरुः**
१) अध्यक्षको वार्षिक प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
२) उपाध्यक्षको प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
३) कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत सम्बन्धा ।
४) लेखा परीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धमा ।
५) साधारण सभाको माईन्युट बुक प्रमाणित गर्न प्रतिनिधि नियुक्त सम्बन्धमा ।
६) निर्वाचन कार्यक्रम सम्बन्धमा ।
७) विविध सम्बन्धमा ।

**नमुना बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-१०, राप्तीरोड

## १६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८१ पुस ६ गते शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १६ औं वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभामा तपशिलका विषयहरुउपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी कार्यक्रमः**
मिति : २०८१ पुस २७ गते, शनिबार
स्थान : ॐ बृद्धाश्रमको सभाहल, हेटौंडा-२, चौकीटोल
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरुः**
१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०८१/०८२ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व.२०८०/०८१ को ले.प.प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०८१/०८२ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
५) साधारणसभाको निर्णय प्रमाणित गर्न सदस्यको छनौट ।
७) विविध ।

**पुनश्चः** साधारणसभामा उपस्थित हुने सदस्यहरुका लागि रु ५०० यातायात खर्चको व्यवस्था गरिएको छ । सोको लागि शेयर सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
चौकीटोल, हेटौंडा

# रातोमाटेमा चेकपोस्ट निर्माण गरिँदै, मुख्यमन्त्री, मन्त्रीबाट अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ बागमती प्रदेश सरकारले आफ्नो सीमाक्षेत्र प्रबेशनाकामा अत्याधुनिक चेकपोस्ट निर्माण गर्ने भएको छ । पहिलोचरणमा मधेश प्रदेशसँग सीमा जोडिएको मुख्य प्रवेशबिन्दु पूर्वपश्चिम राजमार्गको रातोमाटेमा चेकपोस्ट निर्माण गर्न लागेको हो ।



शुक्रबार हेटौंडा-१४ स्थित रातोमाटेमा मुख्यमन्त्री बहादुर सिंह लामा, आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछाने, मन्त्रालयका सचिव पूर्णबहादुर दर्जी, सुरक्षाप्रमुखहरुले चेकपोस्ट निर्माण स्थलको अनुगमन गरेका छन् । उनले स्थानीय तहसँग समन्वय गरेर चेकपोस्ट निर्माणस्थलको अनुगमन गरेका हुन् । प्रदेश सरकारले रातोमाटेसहित पहिलोचरणमा सिन्धुलीको भिमानमा चेकपोस्ट निर्माण गर्न लागेको बताइएको छ ।

दोस्रो चरणमा चितवनको नारायणगढ मुग्लिनमा, तेस्रो चरणमा सिन्धुलीको नागथान, र सुवाको रसुवागढी, सिन्धुपाल्चोकको कोदारी र दोलखाको लामाबगरमा चेकपोस्ट निर्माण गर्न लागेको हो । चेकपोस्टमा सवारीसाधानको चेकिङका लागि अत्याधुनिक मेसिनसहित सीसीक्यामेरा र सुरक्षाकर्मी परिचालन गर्ने योजना सरकारको छ ।

'बागमती प्रदेशको प्रवेशबिन्दुमा हामीले चेकपोस्ट निर्माण गर्न लागेका हौं । यसबाट आन्तरिक सुरक्षा अवस्था थप बलियो हुने अपेक्षा हामीले लिएका छौं,' मुख्यमन्त्री लामाले भने ।

स्थानीय तहसँग समन्वय गरेर बिनाविवाद चेकपोस्ट निर्माण गरिने उनले बताए । उनले अन्तर्राष्ट्रिय सीमामा प्रदेश सरकार प्रवेश नगर्ने बताए ।

# एसोसिएट उपाध्यक्षमा चौलागाईं र खनालको पुनःप्रतिस्पर्धा

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ मकवानपुर उद्योग वाणिज्य संघ (मउवासंघ)को एसोसिएटतर्फको उपाध्यक्ष पदमा उज्वल चौलागाईं र विष्णु खनालको उम्मेदवारी रहने भएको छ ।

आगामी पुस २४ देखि २७ गतेसम्म हुने मउवासंघको निर्वाचनमा चौलागाई र खनालले एसोसिएटतर्फको उपाध्यक्षमा उम्मेदवारी पेश गरेका हुन् । चौलागाईं वर्तमान उपाध्यक्ष पनि हुन् । चौलागाईंको प्रतिद्वन्द्वीमा विष्णु खनाल रहेका छन् । चौलागाई प्रमोदसिंह रानाभाटको प्यानलबाट र खनाल अनिल अग्रवालको प्यानलबाट उम्मेदवार रहेका छन् । गत निर्वाचनमा पनि चौलागाईं र खनालबीच प्रतिस्पर्धा भएको थियो । जित चौलागाईंले निकालेका थिए ।

शुक्रबार उम्मेदवारी घोषणा गर्दै चौलागाईंले भने, 'मैले आफ्नो कार्यकालमा संघको विकास र व्यावसायिक समुदायको हितका लागि काम गरिसकेको छु र आगामी कार्यकालमा पनि तपाईंहरुको समर्थनसहित संघलाई अझ समृद्ध बनाउन योगदान पुऱ्याउनेछु ।' चौलागाईं हाल व्यसायीहरुसँग सक्रिय भेटघाट र छलफलमा संलग्न छन् ।

यसैगरी, एसोसिएट तर्फको सचिवमा माधव ज्ञवाली, खुल्लातर्फको सदस्यमा अंकिता सुमार्गी, नवराज खतिवडा तथा औद्यौगिक क्षेत्रतर्फ सुकृतराज पराजुलीले उम्मेदवारी घोषणा गरेका छन् । संघमा यस पटक २ हजार ९७ मतदाता रहेका छन् । जसमध्ये एसोसिएटतर्फ ८२ जना मतदाता रहेका छन् ।

नेपाली कांग्रेसका केन्द्रीय सभापति तथा पूर्वप्रधानमन्त्री शेर बहादुर देउवाले २४ गते साधारण सभाको उद्घाटन गर्ने जनाइएको छ । संघको नयाँ कार्यसमितिको कार्यकाल तीन वर्षको हुनेछ, जसले संघको भविष्य र व्यावसायिक वातावरणलाई थप सुदृढ बनाउने दिशा तय गर्नेछ ।

# पशुपतिनाथ माविमा अभिभावक सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ मनहरी-४ मसिनेस्थित पशुपतिनाथ माविमा शुक्रबार अभिभावक सचेतना कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा विद्यालयका दुईसय ३० भन्दा बढी अभिभावकको सहभागिता रहेको थयो ।

गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाप्रमुख प्रदीप पराजुली, मनहरीस्थित आमाघरका संस्थापक ब्रम्हकुमार बिजयराज सिग्देल, मनहरी गाउपालिका स्रोतशिक्षक बिदुर थापाले सहजीकरण गरेको कार्यक्रम विद्यालय व्यवस्थापन समिति अध्यक्ष माधव गौतमको सभाध्यक्षतामा भएको हो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्य, विब्यस पूर्वअध्यक्ष रामहरि बिष्टलगायतले बालबालिकाको भविष्यप्रति अभिभावकको जिम्मेवारी विद्यालयको भन्दा बढी हुने बताएका थिए ।

मनहरी गाउँपालिकाले बुधबारदेखि अभिभावकलाई सचेतना कार्यक्रम सुरु गरेको छ । शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार समृद्ध मनहरीको आधार भन्ने उद्देश्यले सुरु गरिएको सचेतना कार्यक्रममा पहिलो दिन ८३ जना अभिभावक सहभागी भएको गाउँपालिका शिक्षाप्रमुख पराजुलीले जानकारी दिए । पहिलो दिन जनज्योति आधारभूत विद्यालयमा, बिहीबार प्रजा आधारभूत विद्यालयमा, शुक्रबार पशुपतिनाथ माध्यमिक विद्यालयमा अभिभावकलाई सचेतना दिइएको हो ।

भोलि शनिबार ब्रम्हकाली आधारभूत विद्यालयमा, २१ गते राष्ट्रिय माविमा, २२ गते राष्ट्रिय रोटरी माविमा, २३ गते सगरमाथा आधारभूत विद्यालयमा कार्यक्रम हुनेछ । मनहरी गाउँपालिकामा ३२ वटा सामुदायिक र ७ वटा संस्थागत विद्यालयमा ८ हजार ५ सय विद्यार्थी अध्ययनरत् छन् ।

## वायु प्रदुषणको असर कम गरौ

- व्यक्तिगत सवारीको स्ट्टा ठूला र एकैपटकमा धेरैले प्रयोग गर्न मिल्ने सार्वजनिक सवारीको प्रयोग बढाओं,
- डिजेल र पेट्रोलबाट चल्ने सवारी साधनको विकल्पमा विद्युतीय सवारी साधनको प्रयोग गरौं,
- आफुले प्रयोग गर्ने सवारी साधनको ईन्जिन राम्रोसँग मर्मत गरौ, नियमित प्रदुषण जाँच गरौँ,
- उद्योग तथा कलकारखानामा प्रदुषण नियन्त्रण प्रविधिहरू प्रयोग गरौं,
- फोहोरमैलालाई जलाउने कार्य नगरौं, उचित व्यवस्थापन गरौं,
- कच्ची सडकहरू मर्मत तथा कालोपत्रे गरौं,
- वृक्षारोपण गरौं, बनजंगलको संरक्षण गरौ,
- वायु प्रदुषणको असर कम गर्न सहयोग गरौं । स्वस्थ वातावरण निर्माणमा योगदान पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना